# बर्दघाट नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## बर्दघाट, नवलपरासी
## ५ नं प्रदेश नेपाल

# शीलबन्दी दरभाउपत्र आह्वान सम्बन्धी १५ दिने सूचना

*प्रथम पटक प्रकाशित मितिः ०७६।३।२५*

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ५९ र ६० तथा बर्दघाट नगरपालिकाको आर्थिक ऐन २०७५ को दफा १० बमोजिम साप्ताहिक हाटबजार, पाडा बजार, कवाडी कर तथा बिज्ञापन कर असुल गर्ने सन्दर्भमा बर्दघाट न.पा.वडा नं १३ मा लाग्दै आएको मंगलबारे पाडा बजार र साविकमा वडा नं १४ मा हुदै आएको लोडिङ्गलाई स्थान परिवर्तन गरी वडा नं १३ जमुनियाबाट नै पाडा बजार तथा लोडिङ्ग समेत गर्ने गरी ०७६ श्रावण देखी ०७७ आषाढ मसान्त सम्म १ वर्षको लागि, विज्ञापन करको हकमा ०७६ श्रावण देखी ०७८ आषाढ मसान्त सम्म २ वर्षको लागि र कवाडी कर (उत्पादन तथा निकासी) तथा तपसिल बमोजिमका साप्ताहिक हाटबजारहरूमा ०७६ श्रावण देखी ०७७ आषाढ मसान्त सम्म १ वर्षको लागि ठेक्का पट्टाको बन्दोवस्त गर्नु परेकोले स्वीकृत दररेट बमोजिम तपसिल अनुसारको आय ठेक्काको राजश्व उठाउने सम्बन्धमा शीलवन्दी दरभाउपत्र पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरीएको छ।

**तपशिल**

| क्र.सं. | आय ठेक्काको नाम | न्यूनतम अंक रु. | कैफियत |
|---|---|---|---|
| १ | कवाडी कर (उत्पादन तथा निकाशी) | १५००००।- | |
| २ | विज्ञापन कर (२ आ.व.को लागि) | ४२००००।- | |
| ३. | सनिबारे हाटवजार, बर्दघाट- १४, दाउन्नेदेवी | १०००००।- | |
| ४ | मंगलबार पाडा वजार तथा लोडिङ्ग समेत बर्दघाट- १३, जमूनिया | ३५०००००।- | |
| ५ | सोमवारे हाटवजार, बर्दघाट- १, | १८२०००।- | |
| ६ | बर्दघाट २, चिसापानी हाट बजार | ४०००००।- | |
| ७ | आईतबारे हाटवजार, बर्दघाट- १४, दाउन्नेदेवी | १८२०००।- | दोश्रो पटक |

**शर्तहरूः**

१. आय टेण्डर फाराम रु. ५००।- शुल्क बुझाई नगरपालिका कार्यालयबाट उपलब्ध हुने छ।

२. ठेक्काको कबोल रकम अँक र अक्षरमा स्पष्ट बुझ्नेगरी उल्लेख गर्नु पर्ने छ। अंक केरमेट भए अक्षरलाई मान्यता दिईने छ।

३) आफूले भरेको आय टेण्डर रकमको ५% दरले हुने रकम नगरपालिकाको एन आइ सि एशिया वैंकमा रहेको ध.हि.नं. ८३४१४९८४८२५२४००४ खातामा जम्मा गरेको बैक दाखिला भौचर वा नगदै टेण्डर फाराम साथ दाखिला गर्नु पर्ने छ।

४) आय टेण्डर फाराम सूचना प्रकाशित भएको मितिले १५ औं दिन (मिति ०७६/४/८) दिनको ५:०० बजेसम्म खरिद गरी १६ औं दिन (मिति ०७६/४/९ गते) दिनको १२:०० बजे भित्र यस नगरपालिकाको कार्यालयमा दर्ता गराउनुपर्ने छ।

५) पेश भएका टेण्डर फारमहरू १६ औं दिन (मिति ०७६/४/९ गते) दिनको २:०० वजे टेण्डरदाता वा निजको प्रतिनिधि एवं कार्यालयको रोहवरमा खोलिने छ ,आय टेण्डरदाता उपस्थित नभएमा पनि टेण्डर खोल्न बाधा पर्ने छैन।

६) आय टेण्डर स्विकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार नगरपालिकामा सुरक्षित रहने छ।

७) आय टेण्डर स्विकृत भएपछि कुनै किसिमको फेरबदल तथा मिनाहा छुट हुने छैन।

८) आय टेण्डर सकार गरेको मितिले सात (७) दिन भित्र पट्टा लिई सक्नु पर्ने छ। यदि सात दिन भित्र पट्टा नउठाएमा धरौटी रकम जफत गरि प्रचलित कानुन बमोजिम कार्य अगाडी वढाइने छ।

९) एकमुष्ट नगदै जम्मा गर्नेलाई १०% छुट दिईने छ, अन्यथा सम्झौता अगाडी कवोल अँक बमोजिमको रकमको बैंक जमानत पेश गर्नुपर्ने छ।

१०) बैठकी कर असुली दररेट नगरसभाबाट पारित भएवमोजिम हुने छ।

११) तोकिएको दररेट भन्दा बढी असूल गर्न पाईने छैन।

१२) आय टेण्डरदाता व्यक्ति भए नेपाली नागरिकता प्रमाणपत्र तथा संस्था भए संस्था नविकरण गरेको प्रमाण पत्र अनिवार्य रूपमा पेश गर्नु पर्ने छ।

१३) यस नगरपालिकामा गत बिगतका आय ठेक्कामा बक्यौता भएका ठेकेदारहरूले बक्यौता रकम नतिरेसम्म ठेक्कामा भाग लिन पाउने छैनन्।

१४) साप्ताहिक हाटबजार र पाडा बजारको हकमा वजार सरसफाई एवं अन्य प्रवन्ध ठेकेदार स्वयमले गर्नुपर्ने छ।

१५) कुनैपनि कारणले हाटवजारको स्थान स्थानान्तरण भएको खण्डमा ठेकेदार पूर्ण रूपमा मञ्जुर हुनु पर्ने छ।

१६) अन्य जानकारीको लागि नगरपालिकाको कार्यालय वा फोन नं.०७८-५८०२१० मा सम्पर्क राख्नु होला।

**बर्दघाट नगरपालिका**